
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २७ गते सोमबार ❑ 10 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरा-मुग्लिन सडक निरीक्षणमा उच्चस्तरीय टोली

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

गण्डकी प्रदेशको राजधानी सहर पोखरा र सङ्घीय राजधानी काठमाडौँ जोड्ने पृथ्वीराजमार्ग विस्तार तथा स्तरोन्नतिको निरीक्षणमाउपप्रधानमन्त्रीसहितको उच्चस्तरीय टोलीले निरीक्षण गरेको छ ।

आज उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, पोखरा महानगरका प्रमुख धनराज आचार्य, चिनियाँ राजदूत चेन सोङ्ग, भौतिक पूर्वाधार तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल लगायतको उच्चस्तरीय टोलीले स्थलगत निरीक्षण गरेको हो ।

सडक विस्तार तथा स्तरोन्नतिको काममा ढिलाइ भएपछि उक्त टोलीले निरीक्षण गरेको हो । गत वर्षदेखि सुरु भएको आयोजनामा हालसम्म छ प्रतिशत मात्रै भौतिक प्रगति भएको छ । उच्चस्तरीय टोलीले आज बिहान पोखरा-मुग्लिन सडकखण्ड विस्तार आयोजनाको पश्चिम खण्डको सुरुआत विन्दु पोखराको सेती नदीपुलबाट अनुगमन सुरु गरेको हो ।

टोलीले हालसम्मको कामको प्रगति, आयोजनाको ढिलाइका कारण र समस्याका बारेमा जानकारी लिएको मुग्लिन-पोखरा सडकखण्ड विस्तार आयोजना प्रमुख अमितकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार पश्चिमखण्डमा सुरु भएको अनुगमन पूर्वीखण्डसहित मुग्लिनसम्म हुनेछ । आयोजना प्रमुख श्रेष्ठले भन्नुभयो, "आयोजनाको पश्चिम खण्डको काम ढिलाइ भएपछि अवस्था बुझ्नका लागि गृहमन्त्री र भौतिक पूर्वाधारमन्त्री सहितको उच्चस्तरीय टोली आएको हो ।" निरीक्षणका क्रममा निर्माण कम्पनीबाट काममा ढिलाइ भएपछि कामको गति कसरी बढाउन सकिन्छ भनेर छलफल भएको थियो । आयोजनामा देखिएका समस्या समाधान गरी तोकिएको मितिमा सडक विस्तार सम्पन्न गर्नेतर्फ सबैले चासो दिनुभएको उहाँको भनाइ छ । सो क्रममा आयोजनामा देखिएका समस्या सरकारले समाधान गर्ने र तोकिएको समयभित्रमै सडक निर्माण सम्पन्न गर्न निर्माण कम्पनीका प्रतिनिधिलाई अनुगमन टोलीले निर्देशन दिएको थियो ।

सडक विस्तारका लागि विद्युत् र खानेपानीका पाइप स्थानान्तरण, मापदण्डभित्र परेका घरलाई मुआब्जा दिएर खाली गर्ने लगायतका समस्या रहेको आयोजनाले जनाएको छ । एशियाली विकास बैंक (एडिबी)को सहुलियत ब्याजको ऋण सहयोगमा पोखरादेखि मुग्लिनसम्मको दुई लेनको सडकलाई विस्तार गरी चार लेनको फराकिलो बनाउन लागिएको छ । पोखरा-मुग्लिन सडकखण्ड विस्तारको कार्य छिटो सम्पन्न गर्ने उद्देश्यले दुई भागमा विभाजन गरेर काम अघि बढाइएको छ । पोखराको पृथ्वीचोकस्थित सेती नदी पुलदेखि तनहुँको जामुनेसम्मको ३९ किमी क्षेत्र पश्चिम खण्डमा पर्दछ । सो खण्ड पोखरामा स्थापना भएको मुग्लिन-पोखरा सडक योजना कार्यालयले हेर्ने गरेको छ ।

यसैगरी जामुनेदेखि आँबुखैरेनीसम्मको ४३ किमी सडक पूर्वी खण्डमा पर्दछ । यसको कार्यालय गुणादीमा छ । पश्चिम खण्ड निर्माणका लागि रू सात अर्ब ४० करोड करोड ४६ लाख लागतमा चिनियाँ कम्पनी अनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कम्पनीसँग ठेक्का सम्झौता गरिएको छ । यस योजना ४२ महिनाभित्रमा निर्माण सम्पन्न गर्नुपर्ने गरी विसं २०७८ जेठमा ठेक्का सम्झौता गरिएको थियो ।

## आलु महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत



हेमजामा आइतवारदेखि आलु महोत्सव सुरु भएको छ । 'सुन्दर ठाउँ हेमजा जाऔं, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नाराका साथ विष्णुपादुका क्लबको आयोजनामा महोत्सव सुरु गरिएको हो ।

महोत्सव उद्घाटन गर्दै गण्डकी प्रदेश सरकारका कृषि उर्जा तथा जलस्रोत मन्त्री वेदबहादुर गुरुङले प्रदेश सरकार किसानको पक्षमा रहेको बताउँदै नेपालमा कृषिलाई व्यवसायिक बनाउनुपर्नेमा जोड दिए ।

मन्त्री गुरुङले कृषि नीति सुधार्ने तयारीमा मन्त्रालय रहेको जानकारी दिँदै अवको बजेट किसानमुखी बनाउन पहल भइरहेको उल्लेख पनि गरे ।

प्रदेशसभा सदस्य गणेशमान् गुरुङले कृषि कर्म गर्दा खुशी हुने संस्कारको सुरुवात गर्नुपर्ने स्पष्ट पार्दै यो पेशालाई प्रविधिमैत्री बनाउन आवश्यक रहेको औंल्याए । निर्वाहमुखी खेतीले केही नहुने स्पष्ट पार्दै सदस्य गुरुङले महोत्सवसँगै उत्पादनमा जोडिन प्रण गर्नुपर्ने बताए ।

कृषि मन्त्रालयका सचिव सहदेवप्रसाद हुमागाईले हेमजा र आलु पर्याय जस्तै भएको बताउँदै आयोजक प्रति आभार प्रकट गरे । आलु विज्ञ श्यामप्रसाद ढकालले हेमजावासीलाई नियमित खाने र उद्योगसँग जोड्ने गरी आलुको उत्पादनमा लाग्न सुझाव दिए ।

पोखरा २५ का वडाध्यक्ष मोतिलाल तिम्सिनाले आलु महोत्सवले हेमजालाई मात्र नभई समग्र पोखरा क्षेत्रलाई नै विश्वभर चिनाएको औंल्याए ।उनले बुहुउद्देश्यीय किसान सहकारीले सुरुवात गरेको महोत्सवलाई निरन्तरता दिएकोमा आयोजक क्लव प्रति आभार प्रकट गरे । उक्त अवसरमा नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, मुक्तिनाथ कृषि कम्पनी लिमिटेडका भरतराज ढकाल, हेमजाका अगुवा कृषक चित्रनाथ पौडेल लगायतले पनि धारणा राखे । उनीहरुले असली कृषक समच्छे अनुदान पुग्नुपर्ने, मुल्य श्रृखला व्यवस्थापन गरी उत्पादनमा जुट्नुपर्ने लगायत ले बताए । कार्यक्रमका बीच सहयोगदाता जेके क्रसर, कृषि अनुसन्धान निर्देशनालय लुम्ले, पोखरा महानगर कृषि महाशाखा, कृषि विकास निर्देशनालय गण्डकी प्रदेश, कृषि ज्ञान केन्द्र, मुख्य प्रायोजक, मुक्तिनाथ र एनएमवि बैंक, हाई ग्राउन्ड एडभेन्चर प्रा.लि सहित गुरुकुल विद्यासदनलाई सम्मान गरियो ।

महोत्सव सुरु हुनुपुर्व मिलनचोकबाट महोत्सव स्थल विष्णुपादुका खेलमैदानसम्म कृषि भाँकी सहित शोभायात्रा निकालिएको थियो । उक्त शोभायात्रामा सयौं हेमजावासीले आलुका साथै कृषि उपजका माला लगाई नाचगान गर्दै रमाइलो पनि गरे । महोत्सव अर्न्तगत आइतवार कलाकारहरु चोलेन्द्र पौडेल, सुरेशरमण अधिकारी, परशुराम अधिकारी र पुजा तामाङले प्रस्तुति राखे । त्यस्तै सोमवार लोकदोहोरीतर्फ रचना रिमाल, मञ्जु विक, अमर धिताल, नवराज अधिकारी र दुर्गा क्षत्री साथै पपतर्फ टुकी, सन्तोष बस्याल र बवि सुनारका प्रस्तुतिहरु रहनेछन् ।

महोत्सव अर्न्तगत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटबिरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि भाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम गरिनेछन्। त्यस्तै पोखरा महानगरपालिका कृषि महाशाखाले कृषक परिचयपत्र पनि वितरण गदैछ ।

कोरोना भाइरसका कारण विगत ३ वर्षसम्म रोकिएको महोत्सवलाई यस वर्षदेखि क्लवले निरन्तरता दिएको हो । महोत्सवमा प्रतिकिलो रु.३५ मा आलुको कारोवार भइरहेको भने करिव ४० टन आलु बिक्रीवितरण हुने आयोजकको अपेक्षा छ। मूल आयोजक समितिका अध्यक्ष समेत रहेका क्लव अध्यक्ष सुविन श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष अस्विन थापाले स्वागत तथा महासचिव वसन्तकुमार श्रेष्ठले कार्यक्रम संचालन गरे । यसैबीच महोत्सव अर्न्तगत सोमवार कृषि विज्ञ र किसान बीच अर्न्तक्रिया पनि हुने जनाएको छ ।

## समृद्धिको लक्ष्य हासिल गर्न सरकार गम्भीर : उपप्रधानमन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले समृद्धिको लक्ष्य हासिल गर्न सरकार गम्भीर रहेको बताउनुभएको छ ।

तनहुँको दमौलीमा आइतबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले अहिलेको कार्यभार आर्थिक समृद्धि रहेको र त्यसतर्फ सरकार गम्भीर रहेको उल्लेख गर्नुभयो ।

"अर्थतन्त्र उकास्नका लागि सरकार कार्ययोजनासहित अगाडि बढ्छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो । अर्थतन्त्रमा केही समस्या देखापरेको उल्लेख गर्दै उहाले यसलाई लयमा ल्याइने बताउनुभयो । अर्थतन्त्रमा देखिएको समस्या सम्बोधनका लागि गम्भीररुपमा छलफल भइरहेको उहाँको भनाइ छ। "गठबन्धन सरकार भएकाले सरकार विस्तारलगायतका कामले केही ढिलाइ भएको छ, अर्थमन्त्रीले जिम्मेवारी सम्हालिसक्नुभएको छ", उहाँले भन्नुभयो, "प्रधानमन्त्रीज्यूको विशेष पहलकदमीमा यही चैत २९ गते यस विषयमा बृहत् छलफल गर्दैछौं ।" अर्थतन्त्रको वर्तमान अवस्था, समस्या र समाधानका लागि ठोसरुपमा के गर्नुपर्छ त्यसतर्फ सरकारले प्रयास गरिरहेको उपप्रधानमन्त्री श्रेष्ठले बताउनुभयो । "हामी अर्थतन्त्रका समस्या पहिचान गरेर सम्बोधन गर्न ठोस कदम चाल्छौं", उहाँले भन्नुभयो ।

## होटल व्यवसायी महासङ्घ गण्डकीमा चोखाल

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

होटल व्यवसायी महासङ्घ गण्डकी प्रदेशको अध्यक्षमा बागलुङका होटल व्यवसायी अर्जुन चोखाल सर्वसम्मत निर्वाचित हुनुभएको छ । महासङ्घको शनिबार पोखरामा सम्पन्न प्रथम महाधिवेशनले चोखालको नेतृत्वमा २९ सदस्यीय कार्यसमिति चयन भएको हो । समितिका वरिष्ठ उपाध्यक्षमा दुर्गाविलास भट्टराई, उपाध्यक्षमा हरिप्रसाद पाण्डेय, महिला उपाध्यक्षमा तुलसी ज्ञवाली, महासचिवमा देवेन्द्र लम्साल, उपमहासचिवमा बालकृष्ण न्यूरे, कोषाध्यक्षमा गोपाल पौडेल र सहसचिवमा प्रल्हादजङ्ग मरासिनी चुनिनुभएको छ । सदस्यमा मीनाकुमारी श्रेष्ठ, गिरीबहादुर थापा, तालबहादुर कुँवर, कविता बस्नेत, गुनादेवी जुज्जाली क्षेत्री, निलेश राजभण्डारी, जीवनकुमार पुनमगर, बुद्धिसागर पौडेल, इन्दुदेवी श्रेष्ठ, कञ्चन शर्मा बराल, निधिप्रसाद तिमिल्सिना, मोतीकृष्ण उपाध्याय, यमलाल सापकोटा, विदुर ढुङ्गाना, तिलकप्रसाद तिवारी र प्रेमप्रसाद न्यौपाने रहनुभएको छ । अध्यक्षबाट मनोनित हुने दुईसहित पाँच सदस्य पछि थपिने महासचिव लम्सालले बताउनुभयो । नवनिर्वाचित कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ । महासङ्घ गण्डकी प्रदेशको तदर्थ समिति विसं २०७५ भदौमा गठन भएको थियो ।

## पोखरास्थित रत्न मन्दिर खुला गर्ने तयारी

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले शनिबार साँझ रत्न मन्दिरको अवलोकन गर्नुभएको छ । उहाँले डेढ घण्टा मन्दिर परिसरमा रहेका सबै विषयका बारेमा जानकारी लिनुभयो ।

सो अवसरमा उहाँले दरबार खुला गर्ने योजनाअनुसार व्यावसायिक योजना बनाउन नेपाल ट्रष्टको बैठक राखेर आग्रह गरिसकेको जानकारी दिनुभयो । नयाँ वर्षसँगै सर्वसाधारणले अवलोकन गर्ने गरी खुला गर्न काम अघि बढ्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले धेरै कुरा किनारा लगाउँदै गएका छौं । ठूला योजना विस्तार गर्दै लैजाऔंला, हालका लागि यहाँ भएकाहरूलाई अलि सुन्दर बनाएर दरबार खोल्नुपर्दछ भनेर भनेका छौं ।" मन्त्री किरातीले नेपाल ट्रष्ट यसअघि रक्षा र गृह मन्त्रालय मातहत रहेकाले लामो समय बैठक नै नबस्ने गरेकाले समेत केही ढिलाइ भए पनि अहिले पर्यटन मन्त्रालय मातहत आएकाले काम छिटो हुने बताउनुभयो । उहाँले रत्न मन्दिरमा व्यावसायिक भवन बनाउने तथा व्यापारिक समूहलाई भाडामा दिने कुरा हुन नसक्ने जनाउँदै पोखरेलीवासीको भावनाअनुसार नै काम हुने बताउनुभयो । रत्नमन्दिर पूर्वराजपरिवारका सदस्य पोखरा आउँदा बसोबास गर्ने ठाउँ हो । तत्कालीन राजा महेन्द्रले यहाँ आउँदा बस्न मिल्ने गरी रत्नको नामबाट दरबार निर्माण गर्नुभएको थियो । विसं २०१३ मा यो दरबारको निर्माण सुरु गरिएको थियो । सो दरबारपछि राजा वीरेन्द्रको नाममा आएको थियो ।

गणतन्त्र स्थापनापछि राजा वीरेन्द्र र राज परिवारको नाममा भएका सम्पूर्ण सम्पत्ति नेपाल ट्रष्टको नाममा ल्याउने सरकारी निर्णयपछि एक सय ११ रोपनी क्षेत्रफलमा फैलिएको यो मन्दिर ट्रष्टको स्वामित्व छ। पर्यटकीय सहर पोखरास्थित फेवातालको छेवैमा रहेको रत्न मन्दिर (दरबार) देशमा गणतन्त्र आएको डेढ दशक बितदासमेत अझै सर्वसाधारणका लागि खुला भएका छैन । तत्कालीन राजपरिवारका देशका अन्य भागमा रहेका दरबार खुला हुँदासमेत पोखराका यी दुई दरबार खुला नभएपछि यहाँका पर्यटन व्यवसायीले लामो समयदेखि सर्वसाधारणले अवलोकन गर्न पाउने गरी खुला हुनुपर्ने माग गर्दै आएका छन् । गणतन्त्र घोषणापछि तत्कालीन राजा वीरेन्द्र तथा राजपरिवारको नाममा रहेका सम्पूर्ण सम्पत्ति ट्रष्ट मातहतमा ल्याउने सरकारी निर्णयानुसार रत्न मन्दिर र हिमागृह ट्रष्टको स्वामित्वमा छ। पोखरामा रहेका यी दुई दरबार खुला गरेर पर्यटकीय गन्तव्यका रूपमा विकास गरी पर्यटकको बसाइ लम्ब्याउनुपर्ने यहाँका पर्यटन व्यवसायीले आवाज उठाउँदै आएछन् ।


सुपथ मूल्यमा आकर्षक छपाई

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# स्याङ्जाको आँधिखोलामा पद्म नर्सिङ होमको निःशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

पद्म नर्सिङ्ग होम प्रा.लि. पोखरा -३, नदिपुरले शनिबार स्याङ्जाको आँधिखोलामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

बिचारी चौतारा पोखरा बिकास समाजको आयोजना, आँधिखोला गाउँपालिका वडा नम्बर ३ को स्थानीय ब्यवस्थापन र पद्म नर्सिङ्ग होम प्रा.लि.को प्राबिधिक सहयोगमा आँधिखोला गाउँपालिका वडा नम्बर ३ बिचारी चौतारा, पुवाडाँडामा अबस्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयको प्राङ्गणमा एक दिने निःशुल्क स्वास्थ्य शिबिर सम्पन्न भएको हो । निःशुल्क स्वास्थ्य शिबिरमा ७ सय भन्दा धेरैको स्वास्थ्य परिक्षण गरिएको पद्म नर्सिङ्ग होम प्रा.लि.का प्रबन्ध निर्देशक नरेन्द्र बास्तोला जानकारी दिनुभयो ।बास्तोलाका अनुसार शिबिरमा २ सय ७ जना जनरल मेडिसिन सम्बन्धि, १ सय ८३ जना हाडजोर्नी तथा नसारोग सम्बन्धि, १ सय ७९ जना आँखा सम्बन्धि, ६५ जना स्त्रीरोग सम्बन्धि, ५२ जना नाक कान घाँटी रोग सम्बन्धि र ३५ जना बालरोग सम्बन्धि



बिरामीहरुको निःशुल्क स्वास्थ्य परिक्षण गरिएको छ ।शिबिरमा १ सय ३० जनाको भिडियोएक्सरे, १ सय ३८ जनाको ल्याब परिक्षण, ६५ जनाको मुटुको इसिजी गरिएको थियो भने बिरामीहरूका लागि आवश्यक औसधि समेत निः शुल्क बितरण गरिएको नर्सिङ्ग होमले जनाएको छ । शिबिरमा बरिस्ठ नेत्ररोग विशेषज्ञ प्रा. डाक्टर सचेत प्रभात श्रेष्ठ, बरिस्ठ रेडियोलोजिष्ट डाक्टर कालु शर्मा सुबेदी, बरिस्ठ नाक कान घाँटी रोग विशेषज्ञ डाक्टर कुलदिप नारायण अग्रहरी, बरिस्ठ बालरोग विशेषज्ञ डाक्टर रामचन्द्र बास्तोला, बालरोग विशेषज्ञ डाक्टर राजन पौडेल, फिजिसियन डाक्टर सुदर्शन सुवेदी, बाल दन्तरोग विशेषज्ञ डाक्टर भावना सिग्देल, नेत्ररोग विशेषज्ञ डाक्टर जोत्सना शर्मा सुबेदी, डाक्टर हरी भुसाल, डाक्टर निभा अमात्य, स्वास्थ्यकर्मीहरु रजनी पालिखे, रिता भट्टराई, जितेन्द्र पौडेल, सन्तोष अधिकारी लगायतको टिमले बिरामीको स्वास्थ्य परिक्षण गराएका थिए । स्वास्थ्य शिबिर कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख अतिथी आँधिखोला गाउँपालिकाका प्रमुख बिश्वनाथ पौडेलले स्वास्थ्य संस्थाहरु आफ्नो सेवा लिएर गाउँ गाउँमा पुग्नु पर्नेमा जोड दिदै पद्म नर्सिङ्ग होम प्रा.लि. नदिपुरको प्रयास उदारणिय रहेको बताउनुभयो । पद्म नर्सिङ्ग होम प्रा. लि. पोखरा -३, नदिपुरका प्रबन्ध निर्देशक नरेन्द्र बास्तोलाले स्वास्थ्य संस्थाहरुको उत्तरदायित्व नाफामुलक मात्रै नभएकोले सेवा भावलाई अगाडि बढाउन आफ्नो संस्था तयार रहेको भन्दै गाउँ घरका दुरदराजमा रहेका जनता सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याउन आफुहरु प्रयासरत रहने प्रतिबद्धता ब्यक्त गर्नुभयो ।उहाँले यस निःशुल्क स्वास्थ्य शिबिरमा सेवा लिएका र थप उपचार गर्नुपर्ने अवस्था देखिएका बिरामीहरूलाई पोखरा -३ नदिपुर स्थिति पद्म नर्सिङ्ग होम प्रा.लि.बाट विशेष छुटका साथ थप उपचार गराउने समेत बताउनुभयो। बिचारी चौतारा समाज पोखराका अध्यक्ष बम बहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा आँधिखोला गाउँपालिकाका उपाध्यक्ष सीता थापा, गाउँपालिकाका कार्यकारी अधिकृत युवराज अधिकारी, आँधिखोला गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष शेर बहादुर कार्की लगायतले आफ्ना भनाई राख्नु भएको थियो । बिचारी चौतारा समाज पोखराका उपाध्यक्ष उमाकान्त पौडेलले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रमको संचालन समाजका सचीव माधब क्षेत्रीले गर्नुभएको थियो।

# गाउँमै गाइड तालिम

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गाउँकै युवालाई सक्षम बनाउने र रोजगारी सिर्जना गर्ने उद्देश्यले लाइसेन्स प्राप्त गाइड उत्पादनको प्रयास गरेको छ।

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोगमा गाउँपालिकाका ११ वडाका ४० जना युवाले गाइड तालिम लिएका छन् । गत १३ चैतदेखि सुरु भएको तालिम आइतबार समापन भएको छ।

गाउँपालिकाभित्रकै आधार शिविरमा गाइड गर्नेहरु धेरै बाहिरको भएपछि स्थानीयलाई नै प्रोत्साहित गर्न गाउँमै तालिम दिइएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताए । 'यहाँ धेरै बाहिरको हुनुहुन्छ। गाउँपालिकामा सल्लाह गरेपछि गाउँकै युवालाई सक्षम बनाउन तालिम दिएका हौं,' उनले भने, 'यो तालिमबाट सिकेका कुरालाई सदुपयोग गर्नुहुन्छ भन्ने विश्वास छ ।' सहभागीलाई पर्यटकसँग गर्ने व्यवहार, हिमपहिरो आउँदा बच्ने उपाय, पर्यटन बिमा, पर्यटन कानुन, द्वन्द्व व्यवस्थापन, पदमार्गमा पाउन सकिने वनस्पति र जीव, ट्रेकिङ, पर्वतारोहण, यात्रामा निस्कनुअघिको तयारी, हिमाली समाज र संस्कृति, नेपालको भूगोल, नेतृत्वलगायत विषयमा तालिम दिइएको हो । तालिम लिन ८० जनाभन्दा बढीले गाउँपालिकामा आवेदन दिएका थिए । तीमध्ये ४० जनालाई छनोट गरेर सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले बताए।



गाउँपालिकामा सञ्चालित नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत पर्यटनमैत्री-प्रविधिमैत्रीनमूनाअन्नपूर्णगाउँपालिका परियोजनामार्फत तालिम गरिएको तालिम संयोजक सूर्य तिमिल्सनाले जानकारी दिए । कतिपय युवाले तालिम नै नलिई गाइड गर्दै आएका थिए। तालिम लिन र परीक्षा दिन काठमाडौंसम्म जानुपर्ने अवस्था हटेर गाउँमै पाएपछि युवाहरूको उत्साहजनक सहभागित थियो। 'हामी काठमाडौंसम्म जानुपर्थ्यो। गाउँमै तालिम पायौं । हामी यो ठाउँको ब्रान्ड एम्बेस्डर भएर काम गर्छौं,' तालिम लिएका शिवकृष्ण पौडेलले भने।

तालिम सकिएसँगै सोमबार पर्वतीय प्रशिक्षण प्रतिष्ठानले परीक्षा लिँदै छ। त्यसमा उत्तीर्ण हुनेले लाइसेन्स पाउने छन्।

# धौलागिरि बेस क्याम्पमा हेलिकोप्टर दुर्घटनामा परी पाइलट अधिकारी सामान्य घाइते

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

म्यादीको धौलागिरि बेस क्याम्प नजिकै हेलिकोप्टर दुर्घटनामा परी पाइलट सामान्य घाइते भएकी छन्।

वेसक्याम्पमा ल्याण्ड गर्ने क्रममा हेलिकोप्टर हावाको चापको कारण पल्टन पुग्दा पाइलट प्रिया अधिकारी सामान्य घाइते भएकी पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कार्यालयले जनाएको छ । उनलाई उपचारार्थ काठमाडौंस्थित मेडिसिटी अस्पतालमा लगिएको श्रोतले जनाएको छ।

पदयात्राको लागि सामान लिएर उडेको एभरेस्ट एयरको हेलिकोप्टर आइतबार बिहान करिब ११:१६ बजे धौलागिरि बेस क्याम्प नजिकै ल्याण्ड गर्नेक्रममा हावाको चापको कारण पल्टिएर सामान्य दुर्घटना भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका टावर कन्ट्रोर योगेन्द्र केसीले बताए। हेलिकोप्टरमा सामान्य क्षति पुगेको छ भने हेलिकोप्टरमा पाइलट अधिकारी मात्र रहेकी थिइन् । उनको उद्धारका लागि एयर डाइनेस्टी घटनास्थलमा पुगेको थियो।

एभरेस्ट एयरको जहाज शनिबार नै पदयात्राको सामान लिएर त्यसतर्फ गएको श्रोतको भनाई छ । उक्त हेलिकोप्टरमा यात्रु नभएको कारण मानवीय क्षति हुनबाट बचेको स्थानियले बताए।

# भट्टराईको जित सुनिश्चित छ : महामन्त्री शर्मा

पोखरापत्र संवाददाता
तनहु, २६ चैत

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सत्तारुढ गठबन्धनका उम्मेदवार गोविन्द भट्टराईको सिङ्गो पार्टी र गठबन्धन परिचालित भएकाले जित सुनिश्चित भएको बताउनुभएको छ । वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार गोविन्द भट्टराईलाई मत माग्न तनहुँ आउनुभएका महामन्त्री शर्माले आज तनहुँको आँबुखैरेनीमा मतदाता भेटघाट कार्यक्रमको अवसरमा सो कुरा बताउनुभएको हो । पहिला पनि गठबन्धनले जितेको र सोहीअनुसार उपनिर्वाचनमा पनि गठबन्धन गरिएको र उम्मेदवार पनि राम्रो भएकाले जित निश्चित रहेको उहाँले उल्लेख गर्नुभयो। उम्मेदवार भट्टराईसँग केही दिनपछि संसद्मा भेट हुने बताउनुभयो। नेता भट्टराई असल र निष्ठाको राजनीति गर्ने विद्यार्थी कालदेखिको नेता भएको महामन्त्री शर्माको दाबी छ।

साथै महामन्त्री शर्माले तनहुँको विकास र समृद्धिको लागि उम्मेदवार भट्टराईलाई जिताउनुपर्ने बताउनुभयो।

# पोखरामा सडक कविता वाचन

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको आयोजनामा शनिबार पोखरामा 'मान्छेको मुख थुन्न हुँदैन' सडक कविता वाचन गरिएको छ।

संविधानभन्दा माथि कोही नहुने र पछिल्लो समयमा देशमा भइरहेका विभिन्न घटनाक्रमको साङ्केतिक विरोधस्वरुप पृथ्वीचोकको गोलघर अगाडि उक्त कविता वाचन गरिएको संस्थाका महासचिव मदन भण्डारीले जानकारी दिनुभयो।

राज्यमा बढेका विकृति, विसङ्गतिप्रति सम्बन्धित निकायको चासो नपुगेको जनाउँदै उहाँले कार्यक्रममार्फत जनआवाजलाई सुनाउने अपेक्षा गरिएको बताउनुभयो । संस्थाका उपाध्यक्ष प्रा डा यामबहादुर पौडेल क्षेत्रीले साङ्केतिकरूपमा मञ्चका कुर्ची पात्रविहीन बनाएर कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

संस्थाले गण्डकी प्रदेशभित्रका उत्कृष्ट २५ स्रष्टालाई शीर्षक दिएर रचनासहित आमन्त्रण गरेको थियो । यी रचनालाई संस्थाको मुखपत्र हिमवत्खण्ड सौरभको आगामी अङ्कमा प्रकाशन गर्ने प्रवक्ता ताराबहादुर गुरुङले जानकारी दिनुभयो । लोकसंस्कृतिका अध्येता प्रा डा कुसुमाकर न्यौपानेले कवि कलाकारहरूले हाम्रो भाषामाथि भएको अन्यायका विरुद्ध मुख थुनेर बस्न नहुने बताउनुभयो। राजनीतिक विश्लेषण महेन्द्रमान व्यथित, संस्थाका अध्यक्ष डा नारायणप्रसाद अधिकारीले राज्यमा सुशासन कायमका लागि कवि कलाकारको ठूलो भूमिका रहेको बताउँदै बेथितिका विरुद्ध कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

स ञ्चा र क र्मी शिवराज बस्ताकोटी (शिवदाइ), अग्रज पत्रकार रुद्रबहादुर थापा, उदयबहादुर अमात्यले यस्ता कार्यक्रमले राज्यलाई सही दिशानिर्देश गर्ने धारणा राख्नुभयो । साहित्यकार डा जगन्नाथ रेग्मी, शिवप्रसाद गौतम, छविलाल आचार्य, सडक कवि बलराम तिमिल्सिना, तेजबहादुर गुरुङ, अल्पविराम पोखरेली, धर्मराज अल्पायु, वसन्त विनोद, रमा पराशर, चारघरे ठिटो, ढुण्डीराज ज्ञवाली, नरेन्द्र रानाभाट, विनोद अधिकारी, प्रकाश भण्डारी, नारायण बराल, सन्तोष लम्सालले आफ्ना रचना वाचन गर्नुभएको थियो।


## जातीय विभेदको अन्त्य गरौं

◆ जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
◆ मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
◆ कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
◆ जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
◆ छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि । |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन त्यति सजिलो हुन्छ ।

- स्वेटमाईन

## सम्पादकीय

# कार्यान्वयन नहुने कार्यक्रम

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको गठबन्धनले सरकारको साझा न्यूनतम कार्यक्रम सार्वजनिक गरेको छ । निर्वाचनपछि प्रचण्डको सात दलीय संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम ल्याएको थियो । सय दिनको अन्तरालमा दुई पटक गठबन्धन सरकारका न्युनतम साझा कार्यक्रम ल्याइएको छ।अहिले कांग्रेसको कार्यक्रम हावी भएको छ।पहिलको न्युनतम साझा कार्यक्रममा एमालेका कार्यक्रम हावी भएका थिए । दस दलीय सरकारको साझा कार्यक्रम भनिए पनि रास्वपा,जनमत र राजमोले असन्तुष्टि जनाएका छन। दस दलीय गठबन्धनको कार्यक्रममा संविधानको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासमा अग्रसर हुने भनिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, संघीयता कार्यान्वयन, देशको अर्थतन्त्र रूपान्तरण र सुदृढ गर्न नीतिगत, संरचनागत तथा कार्यगत सुधार गरिनेछ उल्लेख छ। समता, स्वतन्त्रता एवं न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण सरकारको प्राथमिकतामा पारिएको छ ।

कार्यक्रमले गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुने गरी शासकीय सुधारलाई प्राथमिकतामा राखेको छ। भ्रष्टाचारको छानबिन गरी कडा कारबाही गर्नेछ भन्ने सनातनी कुरा छ।जुनसुकै कालखण्डमा भएका भ्रष्टाचारको छानबिन गरि कडा कार्वाही गर्ने पहिलाको कार्यक्रममा कैँची चलाइएको छ । सङ्क्रमणकालीन न्यायसम्बन्धी शान्ति प्रक्रियाका बाँकी काम दुई वर्षभित्र पूरा गर्ने द्वन्द्वपीडितलाई क्षतिपूर्ति, पुनर्स्थापना र परिपूरणको व्यवस्था गर्ने सहमतिसमेत भएको छ। खर्च कटौती र प्रशासनिक झमेला अन्त्य गर्न सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाइनेछ । जलवायु परिवर्तन, जैविक विविधता ह्रास र वातावरणीय प्रदूषण नियन्त्रणजस्ता विश्वव्यापी सङ्कटले उत्पन्न गरेको जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गरिने विषयलाई समेत कार्यक्रमभित्र पारिएको छ । त्यस्तै, राष्ट्रिय हितको रक्षा एवं जनताको समृद्धिका लागि स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने अवलम्बन गरिनेछ ।

जुन सरकारको गठजोड विदेशीले गरिदिएको आरोप छ त्यसले राष्ट्रिय हितमा उभिने कुरमा शंका छ सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सङ्घीय निजामती सेवा ऐन, नागरिकता ऐन, शिक्षा सेवा ऐन, स्वास्थ्य सेवा ऐनलगायत अति आवश्यक ऐनहरू निर्माण गर्न सम्बन्धित विधेयक यथाशीघ्र संसद्बाट पारित गराउने प्रतिबद्धता छ । संघीयता कार्यान्वयनका लागि तीन तहबीचको सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन गरिनेछ । कुनै पनि नेपाली नागरिक नागरिकता प्रमाणपत्र पाउन र नागरिकका अधिकार उपभोग गर्नबाट वञ्चित हुन नपरोस् भन्ने कुरा सुनिश्चित गरिनेछ । छ महिनाभित्र नागरिकता ऐन पारित गर्ने र नागरिकता प्राप्तिमा रहेको लैङ्गिक विभेद अन्त्य गर्ने नीति लिइनेछ। यसैगरी, आर्थिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढङ्गले कार्यान्वयन गरी अर्थतन्त्रलाई तत्काल गतिशील बनाइनेछ ।

राष्ट्रिय अर्थतन्त्रको विकासमा कृषि, जलस्रोत र पर्यटनलाई प्राथमिकता राखिएको छ । सामाजिक रूपान्तरणका लागि मानव विकास सूचकाङ्क तथा जनसंख्या र भूगोलको आधारमा सबै प्रदेशको सन्तुलित विकासमा जोड दिइनेछ। लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायतका क्षेत्रमा छिमेकी मुलुकसँग समाधान हुन बाँकी सीमासम्बन्धी समस्या कूटनीतिक माध्यमबाट समाधान गर्ने सरकारको प्राथमिकतामा परेको छ । सरकारको वार्षिक नीति तथा कार्यक्रम अनि बजेटमा प्रस्तुत न्यूनतम साझा कार्यक्रम पर्नुपर्छ । साझेदार सबै दलको सहमति हुन सकेन भने सुनाउनकाका लागि हुनेछ। राजनीतिक स्थायित्व नभएसम्म जतिसुकै राम्रो र कार्यान्वयन हुन नसक्ने भए जनतालाई झुक्याउने नहोस् भन्ने कामा गर्न सकिन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्राकृतिक जलाशयमा पानी सुक्दै, चुनौती थपिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

सयौँ वर्षदेखि उपयोग हुँदै आएका प्राकृतिक जलाशयमा बर्सेनि पानी सुक्दै जाँदा चुनौती थपिएको छ ।

पछिल्ला वर्षमा खानेपानीका लागि उपयोग गरिएका प्राकृतिक जलाशय कुँवा तथा पँधेरामा पानी सुक्दै जाँदा चुनौती बढ्दै गएको हो । कास्कीको पोखरा महानगरपालिका-३३ भरतपोखरीका खुर्वादी तथा कटुजेका पँधेरोहरूमा बर्सेनि पानीको मात्रा कम हुँदै गएको यहाँका स्थानीयवासी बताउँछन् ।

भएका कुँवा तथा पँधेरा गाउँ भन्दा धेरै तल हुँदा गाग्रीमा बोकेर ल्याउनुपर्ने बाध्यता लामो समयसम्म भोगेका यहाँका स्थानीयवासीलाई २०६७ सालपछि भने केही राहत भएको थियो । त्यसयता खुर्वादीको पँधेरोबाट लिफ्टिङ गरी गाउँमाथि हुँडिकोटमा पानी ट्याङ्की राखेर घरघरमा वितरण गर्न थालेपछि स्थानीयवासीले ठूलै राहत महसुस गरेका थिए ।

पावनडाँडा छबिसे सामुदायिक वनमार्फत केही सहयोग एवम् स्थानीयवासीको जनसहभागितामा यस क्षेत्रकै पहिलो लिफ्टिङ खानेपानी सञ्चालन गरिएको थियो । पछिल्ला वर्षमा पानी कम हुँदै जाँदा दैनिकी सञ्चालनमा पनि धौधौ पर्ने गरेको पावनडाँडा छविसे सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष कमलप्रसाद पौडेलले जानकारी दिनुभयो ।

विगतमा भन्दा आधा नै पानी घटेको जानकारी दिँदै उहाँले उक्त पानीलाई एक सय ३१ घरधुरीले दैनिक रुपमा उपयोग गर्दै आएको बताउनुभयो । पानी घटेसँगै स्थानीयवासीले त्यसको कारणबारे खोजी गरेको र त्यस क्रममा नजिकै केही पानीको स्रोत फेला परेपछि पाइपमार्फत मूल ट्याङ्कीमा मिसाइएको उहाँले जानकारी दिनुभयो ।

बर्सेनि पानीको समस्या बढ्दै गएका अवस्थामा कृस्ती, निर्मलपोखरी, भरतपोखरी सहलगानीखानेपानीआयोजनाको काम पनि सुस्तगतिमा हुँदा थप चिन्तित बनाएको स्थानीयवासी बताउँछन् । उक्त आयोजनाका लागि चार/पाँचवर्ष अघि नै प्रतिघर १५/१५ हजार रुपैयाँका दरले स्थानीयवासीले रकम बुझाएको भए पनि त्यसको काम सुस्तगतिमा बढेको उनीहरूको गुनासो छ ।

# छ वर्षपछि बडिगाड गाउँपालिकाको सेवा आफ्नै भवनबाट

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ चैत

बागलुङको बडिगाड गाउँपालिकाले आफ्नै भवनबाट सेवा प्रवाह सुरु गरेको छ । स्थापनाको छ वर्षपछि आफ्नै अत्याधुनिक सुविधायुक्त प्रशासनिक भवनबाट सेवा दिन थालेको बडिगाड गाउँपालिकाले जनाएको छ ।

भवन निर्माणपछि गाउँपालिकालाई हस्तान्तरण भएपछि यसै सातादेखि सेवा आफ्नै भवनबाट सेवा प्रवाह सुरु गरिएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनुभयो । भवन निर्माणका स्थानीयले ११ रोपनी जग्गामा निःशुल्क उपलब्ध गराएका थिए । बडिगाड गाउँपालिकाको केन्द्र खार बजारमा प्रशासनिक भवन निर्माण गरिएको हो । जिल्लाकै अत्याधुनिक सुविधा सम्पन्न प्रशासनिक भवनबाट सेवा दिने बडिगाड गाउँपालिका दोस्रो भएको छ । यसअघि ताराखोला गाउँपाकिलाले सुविधा सम्पन्न प्रशासनिक भवन निर्माणपश्चात् सेवा सञ्चालन गरिसकेको छ ।

"हालसम्म भाडाको घरबाट सेवा दिँदै आएको गाउँपालिकाले अब भने आफ्नै भवनबाट सेवा दिन थालेको छ", अध्यक्ष अधिकारीले भन्नुभयो, "विषयगत शाखा यसअघि छुट्टाछुट्टै घरमा हुँदा सेवाग्राहीलाई समस्या थियो, अहिले एउटै भवनबाट सबै सेवा दिन थालिएको छ ।" कोरोनाका कारण सम्झौताभन्दा केही ढिला गरी भवन निर्माण सम्पन्न भएको छ । भवन अपाङ्गमैत्री, भूकम्प प्रतिरोधीलगायतका विशेषता छन् । तीन तले भवनबाट गाउँपालिकाका सम्पूर्ण सेवा प्रवाहका लागि सहज भएको गाउँपालिकाको भनाइ छ । भवन निर्माणका लागि रु पाँच करोड २२ लाखको लागतमा २०७७ जेठ १६ मा माउण्डेन कवीन्द्र जेभीसँग निर्माण सम्झौता भएको थियो । अठार महिनामा भवन निर्माण सम्पन्न गर्ने भनिए पनि सम्झौताभन्दा एक वर्षपछि मात्रै निर्माण सकिएको माउण्डेन कविन्द्र जेभीका आधिकारिक प्रतिनिधि उपेन्द्र अर्यालले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १८, आदर्श वस्ती सौर्यखोला वस्तीमा निर्माणाधिन सामुदायिक भवन निर्माण गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : सौर्यखोला सामुदायिक भवन निर्माण
**उपभोक्ता समिति**: सौर्यखोला सामुदायिक भवन निर्माण समिति, पोखरा-१८
**योजना सम्झौता मिति** : २०७९/१०/०९ गते
**योजना सुरु मिति** : २०७९/१०/१५ गते
**योजना सम्पन्न मिति** : २०८०/१/१५ गते
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु.५६१३८/२६
**योजनाको कुल लागत** : रु. ५,५७,०००/-
**लम्बाई चौडाई** : ३५x३० फिट

**उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरू**
**अध्यक्ष**: सत्यदेवि अधिकारी
**उपाध्यक्ष**: विष्णु प्रसाद पराजुली
**सचिव**: बाबुराम अधिकारी
**कोषाध्यक्ष**: सावित्रि अधिकारी
**सदस्यहरू**: हस्तबहादुर गुरुङ, चित्रकुमारी अधिकारी, सुनिता कोइराला, चन्द्रकान्त भण्डारी र देवीलाल नेपाली


# तीन लाख पशुमा पूर्णखोप लगाइँदै

**पोखरापत्र संवाददाता**
दमौली, २६ चैत

खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि तनहुँका सात स्थानीय तहमा पशुमा पूर्णखोप कार्यक्रम थालिएको छ ।

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँमार्फत जिल्लाका व्यास, शुक्लागण्डकी, भानु, भिमाद नगरपालिका सहित म्याग्दे, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकामा पशुमा पूर्णखोप अभियान सञ्चालन गरिएका हो । विज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले भन्नुभयो, "विज्ञ केन्द्रको वार्षिक कार्यक्रमअनुसार प्राविधिक छनोट गरी सात स्थानीय तहका ६६ वटै वडामा पशुमा खोप लगाउन खटाएका छौँ । आगामी वैशाखको पहिलो हप्ताभित्र यो अभियान सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।"

उहाँका अनुसार कृषकका पशु फार्म तथा गोठमा पुगेर गाईभैँसी, बाख्रा, बङ्गुर सुँगुरलगायतको तथ्याङ्क सङ्कलन गरिएको छ । कार्यालयमार्फत करिब तीन लाख पशुमा पूर्णखोप लगाइँदैछ। "सात पालिकाबाहेकका ऋषिङ, घिरिङ र देवघाट गाउँपालिकामा भने आवश्यकताअनुसारको खोप अभियान सञ्चालन गरिएको छ, त्यहाँ पिपिआरलगायतका खोप अभियान पनि सञ्चालनमा छ", उहाँले भन्नुभयो ।

पूर्णखोप अभियानका लागि एक वडा एक खोपकर्ता परिचालन गरिएको छ । कुनै वडामा दुई खोपकर्ता परिचालित छन् । सात स्थानीय तहका ६६ वडामा ७० खोपकर्ता परिचालित भएर पशुलाई खोप लगाउने कार्य जारी रहेको केन्द्र प्रमुख श्रेष्ठले बताउनुभयो। "सबै प्राविधिकलाई तालिम दिएर यही महिनादेखि पूर्णखोपका लागि परिचालन गरिएको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार म्याग्दे र आँबुखैरेनी गाउँपालिका सहित व्यास र भिमाद नगरपालिकामा पूर्णखोप अभियान सम्पन्न हुने चरणमा पुगिसकेको छ भने अरु पालिकामा करिब ५० प्रतिशतमा खोप लगाइसकिएको छ । जिल्लाको म्याग्देका छ सय ८६ गाईगोरु, एक हजार एक सय ८३ भैँसी, सात हजार सात सय ५० बाख्रा, एक हजार दुई सय ९५ सुँगुर बङ्गुर, छ सय ५२ कुकुर र ८३ बिरालोलाई पूर्णखोप लगाइसकिएको गाउँपालिकाका पशु सेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो ।

म्याग्देका सात वडामा १० जना खोपकर्ता परिचालन गरिएको छ । "एक हप्ताभित्र म्याग्देका सबै खोप लगाउन योग्य पशुलाई पूर्णखोप लगाइसक्छौँ", उहाँले भन्नुभयो । गण्डकी प्रदेश सरकारले प्रदेशलाई नै पूर्णखोपयुक्त बनाएर सङ्क्राम रोग निर्मूल पार्ने योजना बनाएको छ । तनहुँमा व्यावसायिक पशुपालन बढिरहेकाले यहाँबाट विभिन्न जिल्लामा पशुजन्य पदार्थको आयात-निर्यात हुने भएकाले पूर्णखोप अभियान सञ्चालन गरिएको बताइएको छ ।

पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बन्ने विज्ञ केन्द्रले जनाएको छ ।

# लयमा फर्किँदै मनाङको पर्यटन व्यवसाय

**पोखरापत्र संवाददाता**
मनाङ, २६ चैत

मनाङमा यस वर्षको पर्यटक आउने दोस्रो याम सुरुआत भएको छ । याम सुरु भएसँगै जिल्लामा आन्तरिक तथा वाह्य पर्यटकको चहलपहल बढ्न थालेको छ ।

विश्वकै दशौँ स्थानमा पर्ने अन्नपूर्ण पदमार्गको यात्राका लागि बाह्य पर्यटकको आगमन हुने गर्दछ भने जोखिमयुक्त मानिने पदमार्गको यात्रा ब पर्यटकको प्रमुख गन्तव्यका रूपमा मानिन्छ। दुई वर्षको कोभिड सङ्क्रमणको जाखिम र बाढी पहिराका कारण ठप्पजस्तै रहेको पर्यटक आगमन यस याममा पर्यटक उल्लेख्यरूपमा वृद्धि भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङले जनाएको छ ।

कार्यालयका अनुसार यस जिल्लामा कोभिडपछिकै धेरै सङ्ख्यामा बाह्य पर्यटक मनाङ भित्रिएका हुन् । जिल्लामा दैनिकरूपमा दुईदेखि तीन सयसम्म पर्यटक मनाङ भित्रिने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका सहायक प्रमुख पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार मनाङमा जनवरीदेखि हालसम्म तीन हजार चार सय २० बाह्य पर्यटक भित्रिएका छन्। महिला एक हजार एक सय ३४ र पुरुष दुई हजार दुई सय ८६ पर्यटक भित्रिएको उहाँले बताउनुभयो । जिल्लामा पर्यटक भित्रिने क्रम बढेसँगै यहाँका पर्यटन व्यवसायीमा खुसी भएका छन् ।

लामो समय आर्थिक मन्दीले सुस्ताएको पर्यटन व्यवसाय चलायमान हुँदा व्यवसायीले राहत महसुस गरेको व्यवसायी कुमार गुरुङले बताउनुभयो । "लामो समयपछि पर्यटकको आवतजावत बढेको छ, दैनिकरूपमा होटलमा करिब दुई सय पर्यटक बास बस्ने गरेका छन्", उहाँले भन्नुभयो ।

त्यस्तै विगतका वर्षमा कोभिड महामारीका कारण ठप्पैजस्तो भएको पदमार्गमा पर्यटकको लर्को भेटिन्छन् । दैनिकरूपमा पर्यटक आवतजावत गरिरहेका हुन्छन् । थोराङ्ला पाससँगै सर्वाधिक अग्लो स्थानमा रहेको तिलीचो ताल पुग्ने सपना बोकेर विदेशी पर्यटक मनाङ भित्रिने गरेका छन् । यहाँ आएका बाह्य पर्यटक यहाँका व्यवसायीले गरेको स्वागत, सत्कार र व्यवस्थापनले खुसी बनाउने गरेको बताउँछन् ।

पर्यटकको आगमन वृद्धि भएसँगै कोरोना महामारी र बाढीपहिराका कारण सुस्तएको पर्यटन व्यवसाय चहलपहल हुँदा देशकै अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ । अन्नपूर्ण पदमार्गअन्तर्गत लमजुङको बैंसीसहरबाट पर्यटक पैदलयात्रा गरिरहेको देखिन्छन् । सन् २०२३ को सुरुआतमा नै ४२ देशका पर्यटक मनाङ भित्रिएका थिए । जनवरीमा ४२ देशका तीन सय १८ नागरिकले जिल्ला भ्रमणका लागि प्रवेश गरेको आयोजनाको तथ्याङ्कमा उल्लेख छ। यस वर्ष हिमपात नहुँदा थोराङ्ला भन्ज्याङ कट्ने, तिलिचो ताललगायतका विभिन्न स्थानमा पुग्ने पर्यटक वर्षको पहिलो महिनामा बढी भित्रिएको आयोजनाले जनाएको छ । दुई याम गरी जिल्लामा पर्यटक घुम्न आउने गर्दछन् । दुई यामको छुट्टाछुट्टै रकम तिर्नुपर्ने प्रावधान निर्धारण गरिएको छ । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ लापास गरी मुस्ताङ कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ। काठमाडौँबाट बैंसीसहरसम्म सवारीसाधनमार्फत पर्यटक आउने गर्दछन् र पदमार्गबाट जिल्लाका विभिन्न स्थानको अवलोकनसहित यात्राको सुरुआत गर्दछन् ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/१२/२६

यस कार्यालयबाट मिति २०७६/०४/२२ मा कास्की जिल्ला पोखरा १४ मा संचालन गर्नेगरि मादी ०२ कास्की निवासी बृहस्पती देवकोटाको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १५७८०/०७६/०७७ को ए बि अनिता खाजा घरको प्रोपराईटरले मिति २०७९/१२/२६ मा फर्म बन्द गरी पाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# जेष्ठ नागरिकको अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत



जेष्ठ नागरिक कल्याणकारी संस्था पोखरा १३ आर्वाको अवलोकन भ्रमण आजबाट शुरु भएको छ। भ्रमणमा करीव ७० जेष्ठ नागरिक सहभागी छन्।

चर्चित धार्मिक तथा पर्यटकीय स्थलहरु कुश्मा, बागलुङ कालिका मन्दिर, पञ्चकोट, लगायतका स्थानमा अवलोकन भ्रमण गर्ने कार्यक्रम रहेको जेष्ठ नागरिक कल्याणकारी संस्था, पोखरा १३ आर्वाका अध्यक्ष बलराम सिग्देलले जानकारी दिनु भयो।

पोखरा महानगरपालिका वडानं १३को अगुवाई तथा सहयोगमा भ्रमण कार्यक्रम गरिएको हो। जेष्ठ नागरिकहरुको सम्मान गर्ने उद्येश्यले यस प्रकारको भ्रमण आयोजना गरिएको वडानं १३ का अध्यक्ष किरण बरालले जानकारी दिनुभयो। उहाँले जेष्ठ नागरिकको सम्मान तथा संरक्षणमा थप कार्यक्रमहरु गर्दै जाने तथा हरेक वर्ष यस प्रकारको कार्यक्रमलाई निरन्तरता दिईने समेत बताउनु भयो। वडा अध्यक्ष बरालले अवलोकन भ्रमणमा सहभागी बुबा आमाहरुलाई खादा मालाले स्वागत गरी विदाई गर्नु भएको थियो।

# प्रतिभा माविमा विदाई

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत



पोखराको पालिखेचोकस्थित प्रतिभा माध्यमिक विद्यालयले १२ कक्षाका विद्यार्थीलाई आइतबार एक कार्यक्रम गरि विदाई गरेको छ।

कक्षा ११ र १२ अध्ययन गरेर अन्तिम परीक्षाको तयारी अघि विद्यालयले विद्यार्थीलाई बिदाई गरेको हो। विदाई कार्यक्रमका लागि कक्षा ११ का विद्यार्थीले संयोजन गरेका थिए। सांस्कृतिक गतिविधिसहित आयोजित विदाई कार्यक्रममा कक्षा ११ की छात्रा दिपीकाकुमारी शर्माले विदाई भई जाने विद्यार्थीहरुलाई आगामि दिनका लागि शुभकामना दिएकी थिईन। प्रतिभा मावि संचालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेलले कक्षा ११ ले १२ का विद्यार्थीलाई बिदाई गर्नु आफैमा गतिलो संस्कार भएको बताए। उनले कम्तिमा दुइवर्षको यो अवधिले अगाामि दिनमा अघि बढ्न थप उर्जा मिल्ने बताए। 'युवाले अहिलेको उर्जाशिल समयलाई उपयोग गरेर भविश्यका लागि अघि बढ्नुपर्छ। भविश्य उज्जवल बनाउन लगनशीलता र अटुट निरन्तरता चाहिन्छ,' पौडेलले भने, 'सफलताको लागि अनुशासन पनि चाहिन्छ।' अध्यक्ष पौडेलले बेलैमा आफ्नो महत्व बुझ्न नसके अहिलेको उर्जा भविश्यमा कमजोर हुँदै जाने पनि बताए। अहिलेको प्रतिश्पर्धाले भोलिको भविश्य निर्धारण गर्ने पनि उनले बताए।

विद्यालयका प्राचार्य किरण सापकोटाले सफलताको यात्रामा अगाडि बढ्नका लागि विद्यार्थीलाई हौसला आवश्यक रहेको बताए। सापकोटाले प्रतिभाका विद्यार्थीमा सबैखाले आत्मविश्वास रहेको बताए। 'विद्यार्थीको मेहनत र लगाव देखेर सिंगो विद्यालयले उनीहरुको भविश्य उज्जवल देखेको छ,' उनले भने, 'अहिलेको यो मेहनतलाई खेर नफाल्नु। निरन्तरको मेहनतले भविश्यमा सफलता हात पार्नेछ।' पछिल्लो वर्ष विद्यालयका विद्यार्थीले विभिन्न क्षेत्रमा प्रतिभा देखाएर विद्यालयका लागि मात्र नभई सिंगो पोखराको शैक्षिक क्षेत्रका लागि गुन लगाएको प्राचार्य सापकोटाले बताए। सिंगो देशका लागि स्वर्ण पदक भित्र्याउने विद्यार्थी उत्पादन गर्न विद्यालय सफल भएको सापकोटाले बताए। 'पोखराका शैक्षिक गतिबिधिमा प्रतिभाको नाम अग्रपंक्तिमा छ, यो हुनुमा विद्यार्थीको मेहनत र लगाव पनि एउटा कारण हो,' उनले भने, 'हामी भविश्यमा थप इतिहास रच्नका लागि आतुर छौ।' प्राचार्य सापकोटाले जिवनमा जति नै सुकै ठूलो पदमा पुगेपनि आमाबाबु, जन्मथलो र विद्यालयलाई नबिर्सन विद्यार्थीलाई सुझाव पनि दिए। प्रतिभा माविलाई देशकै अब्बल शैक्षिक संस्था बनाउनका लागि विद्यार्थीले राजदूतको भूमिका निभाएको उनले बताए। 'कुनैबेला हामीलाई अप्ठेरो पर्दा त्यो अप्ठेरो फुकाउने चाबि हाम्रै विद्यार्थी बन्नेछन,' उनले भने। प्रतिभा माविमा नर्सरीदेखि १२ कक्षासम्म अध्यापन हुन्छ। विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापन विषयमा अध्यापन हुन्छ।

# 'तारा खेल' प्रवर्द्धन गर्दै गाउँपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ चैत

धौलागिरि क्षेत्रमा चर्चित खेलका रुपमा स्थापित 'तारा खेल' पछिल्लो समय लोकप्रिय बन्दै गएको छ। बागलुङ, म्याग्दी र मुस्ताङमा बढी खेलिने यो खेल एक दशक अगाडि नै लोप हुने अवस्थामा पुगेको थियो।

पछिल्लो समय आधुनिक शैलीबाट खेल्न थालिएपछि गाउँगाउँमा प्रतियोगितासमेत हुन थालेका छन्। तारा खेलप्रति युवापुस्ताको आकर्षण बढ्दै गएपछि बागलुङको तमानखोला गाउँपालिकाले यस खेललाई 'पालिका खेल' घोषणा गरेर प्रवर्द्धन गरिरहेको छ। विषेशगरी आदिवासी जनजाति समुदायमा प्रचलित तारा खेल अहिले सबै समुदायका युवा खेल्न थालेका छन्। विभिन्न मेला, महोत्सव र चाडपर्वमा आयोजना हुने तारा खेल अहिले युवा समय बिताउन र मनोरञ्जनाका लागि खेल्न थालेका छन्। निशानामा आधारित तारा हान्ने खेल बागलुङका गाउँदेखि बजारसम्म खेलिन थालेको छ। पहिले यो खेल बढी गाउँमा खेलिन्थ्यो। जिल्लाको ढोरपाटन नगरपालिका, तमानखोला गाउँपालिका, बडिगाड गाउँपालिका र ताराखोला गाउँपालिकामा यो खेल अझ बढी प्रचलित छ।

रबर टाँसिएको काठको मुढामा अघिल्लो भागमा सेतो, कालो, नीलो र रातो रङको रेखा हुन्छ, त्यसको बीच भागमा अत्यन्तै सानो स्टिल प्लेट राखिएको हुन्छ। त्यही मुढामा रहेको स्टिलको प्लेटलाई छेड्नका लागि आयोजकले निर्धारित गरेको दूरीबाट बाणबाट तारोले बारम्बार हान्ने काम नै तारो हान्ने खेल हो। तारा खेल अङ्कका आधारमा खेलिने खेलाडी बताउँछन्। दुर्लभ खेलमध्येको तारा हान्ने खेल पछिल्लो समयमा युवापुस्ताको जागरुकताका कारण केही प्रवर्द्धन हुन थालेको बागलुङका पुराना खेलाडी पृतराम छन्त्यालले बताउनुभयो। यो खेल पुर्खौंदेखि खेलिँदै आएको उहाँको भनाइ छ। छन्त्याल भन्नुहुन्छ, "तारा खेल ढुङ्गेयुगदेखि सुरु भएको पाइन्छ, त्यस बेलाका मान्छेले जीविकोपार्जनका लागि वन्यजन्तुको सिकार गर्थे रे, सिकार गर्दा धनुष वाणको प्रयोग हुन्थ्यो रे, अहिले तारा खेल पनि सिकारीले जङ्गली जनावरलाई निशाना बनाए जसरी ताकेर तिर हानिन्छ, जसले निशानामा हान्छ उसैले खेल जित्छ, अहिले पनि यो खेललाई युवाले संरक्षण गरेका छन्, युवाले बेलाबेलामा ठूलो प्रतियोगिता राख्छन्।" पाँच जनाको समूहमा खेलिने उक्त खेलमा सहभागीमध्ये जसले बढी स्टिल प्लेटलाई निशाना लगाउन सक्छ, अङ्कका आधारमा उसैलाई विजेता टोली घोषणा गिरिने गरिन्छ। तारा खेल अन्तर्राष्ट्रियस्तरमा पनि खेल्ने गरिन्छ। खासगरी यो खेललाई आर्चरी खेल भन्ने गरिन्छ। साहसिक खेलप्रति विदेशी पर्यटकको आकर्षण बढी हुने भएकाले यसलाई प्रचारप्रसार गर्न आवश्यक रहेको अर्का खेलाडी प्रेमबहादुर घर्तीमगरले बताउनुभयो। उहाँ स्थानीयस्तरमा सीमित भएका यस्ता खेलको प्रवर्द्धन गर्नुपर्ने बताउनुहुन्छतमानखोलागाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले यहाँ आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको हुँदा परम्परादेखि नै तारा खेल खेल्दै आएको बताउनुभयो। तमानखोलामा बढी प्रचलित रहेको हुँदा तारा खेललाई गाउँपालिकाले विसं २०७७ मा 'पालिका खेल' घोषणा गरेर हरेक वर्ष 'तमानखोला तारा खेल कप' प्रतियोगिता आयोजना गर्दै आएको उहाँले बताउनुभयो।

"तारा खेल संरक्षण र प्रवर्द्धन गर्ने जिम्मेवारी हाम्रो हो भन्ने ठानेर केही वर्षदेखि निरन्तर प्रतियोगिताको आयोजना गर्दै आएका छौँ, यस वर्ष पनि गरिसकेका छौँ", अध्यक्ष बुढामगरले भन्नुभयो, "पालिका खेलका रुपमा राखेका छौँ, यसले खेल क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्ने छ, यो खेल आदिवासी जनजातिको पहिचानसँग जोडिएको छ।"

# थप अनुसन्धानलाई प्रहरीमा निवेदन दिन्छौ :लामिछाने

**रासस**
काठमाडौं, २६ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सांसद डा ढाकाकुमारश्रेष्ठकोविवादास्पद टेलिफोन संवादबारे छानबिन गर्न आफू स्वयम्ले प्रहरी प्रशासन र अख्तियारमा निवेदन दिने बताउनुभएको छ।

आगामी वैशाख १० गते हुने उपनिर्वाचनका लागि प्रचारप्रसारमा बारा जिल्लाको गढीमाई मन्दिरमा बोल्दै पार्टी सभापति लामिछानेले ७२ घण्टाको अल्टिमेटम दिएको र थप अनुसन्धानका लागि प्रहरी र अख्तियारमा निवेदन दिने बताउनुभएको हो। उहाँले भन्नुभयो, "पार्टीभित्र छानबिन हुँदैछ, त्यसबीचमा सांसद श्रेष्ठलाई कानुनी कारबाहीमा ल्याउन अनुसन्धानका लागि प्रहरी प्रशासन र अख्तियारमा निवेदन दिनेछौ।"

# लिटिल स्टेपमा बिदाई तथा शुभकामना ज्ञापन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत



लिटिल स्टेपमा एसइइ २०७९ नियमिततर्फ सम्मिलित ४१ जना विद्यार्थीहरुका लागि विदाई तथा शुभकामना कार्यक्रम सम्पन्न भयो।

प्राचार्य श्रीमती पम्फा गुरुङको सभापतित्वमा आयोजित सो कार्यक्रममा विशेष उपस्थिति संस्थाका संस्थापक एवम् वर्तमान व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर गुरुङ एवम् रिसोर्स तथा लजिस्टिक अफिसर राधिका भट्राईको थियो।

विशेष भोजन पश्चात आयोजित उक्त कार्यक्रममा विद्यालय संयोजक एवम् मा.वि. संयोजक विनोद गिरी र ताराप्रसाद सुवेदीद्वारा विदाई तथा शुभकामना मन्तव्य व्यक्त गरिएको थियो। सम्पूर्ण विद्यार्थीहरुलाई मायाको चिनो स्वरुप सोही व्याचको फोटो फ्रेम एवम् खादा पम्फा गुरुङ र शेरबहादुर गुरुङले प्रदान गरिएको थियो।

# पुलले जोड्यो पालिकाको केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

मादी-४ तारकाङस्थित केउरानीका ६५ वर्षीय वृहस्पति सापकोटाले कल्पना पनि भएकै थिएन कि गाईगोठ जाने इदी खोलामाथि पक्की पुल बन्ला भनेर।

खोलाको वारिपट्टी केउरानीबाट झरेको ठूलो पहिरो र पारि पनि त्यस्तै अप्ठेरो ठाँउ यहाँ पुल बन्छ भन्ने लागेकै थिएन तर पुल बनेरै छोड्यो। पुल बनेपछि यतिबेला पुलबाट ओहोर-दोहोर गर्ने वटुवाको पनि चहलपहल बढे पनि सवारी साधन भने निकै कम गुड्ने गरेका छन्।

गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको पूर्वाधार विकास कार्यक्रमअन्तर्गत केही महिना अघि मात्र रु चार करोड २३ लाखको लागतमा निर्माण भएको उक्त पुलबाट मादी गाउँपालिका वडा नं ४ ताराकाङ र वडा नं ११ सैमराङको तोगी, बराल डाँडा, एक्लेखेत कम्दा, याङ्जाकोटलगायत स्थानका बासिन्दालाई सुबिधा भएको छ। वर्षाद्को समयमा उर्लेर आउने ढाँडो खोलाको इदीमा ठूला ढुङ्गामा सालका काठ बाँझेर वारपार गर्ने गरेका थियौं, पछि झोलुङ्गे पुल बनाइयो अहिले मोटर हिड्ने पुल बन्यो, विकासको क्रम विस्तारै गाउँतर्फ सर्दै गएको अनुभूति भएको तारकाङ निवासी ७२ वर्षीय होमनाथ पोखरेलले बताउनुभयो।

बरालडाँडा निवासी विष्णु गुरुङले पुल निर्माणले बरालडाँडा मात्र हैन, मकैखोला र मिजुरेका बासिन्दाले समेत सुविधा पाएको बताउनुभयो। पहिलो सडक नहुँदा पोखरा जान कास्कीको सैमराङ, भाचोक, मिजुरेडाँडा, थुम्सीकोटका साथै लमजुङ जिल्लाको पसगाउँ, सिङ्दी, गिलुङ, भुजुङलगायत स्थानका मानिसले इदी खोलाको झोलुङ्गे पुल प्रयोग गर्ने गरेको उहाँले सुनाउनुभयो। तीस मिटर लम्बाई र ११ मिटर चौडाई भएको उक्त पक्की पुल शनिबार गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले उद्घाटन गर्नुभएको थियो। मादी-४ का वडाध्यक्ष शिव सापकोटाले वर्षादको समयमा खेत रोप्न गोरु पारी तार्दा गोरु नै बाच्ने हो, की मर्ने हो भनेर आश मार्ने गर्थ्यौं त्यो समस्या यसवर्षदेखि समाधान भएको बताउनुभयो। जीर्ण झलुङ्गे पुलबाट मानिस खस्ने हुन् कि भन्ने चिन्ता पनि अब हट्यो उहाँले भन्नुभयो। मध्यपहाडी लोकमार्गअन्तर्गतको सडकमा पर्ने उक्त पुलबाट भविष्यमा थप लाभ लिन सकिने जानकारी तारकाङ निवासी इन्द्र सापकोटाले बताउनुभयो। यहाँका कृषि उत्पादन बिक्रीका लागि पोखरा बजारमा सहजै लैजान उक्त पुल र सडकले सहयोग पुऱ्याएको उहाँले बताउनुभयो।

मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङले कास्कीका गाउँपालिकामध्ये विकासमा पछि परेको मादीको गाउँपालिकाको कार्यलय जोड्ने सडक विस्तार गर्न जरुरी भएको बताउनुभयो।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/१२/२३

यस कार्यालयबाट मिति २०४३/०५/३० मा कास्की जिल्ला पोखरा ११ मा संचालन गर्नेगरि मादी ११ कास्की निवासी दुर्गेश्वरी कर्माचार्यको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ९९३/०४३/०४४ को कृष्ण आधुनिक स्वचालित राईस मिलको प्रोपराईटरले मिति २०७९/१२/२३ मा फर्म बन्द गरी पाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ श्रवण कुमार दिवा सेवा केन्द्र भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नामः श्रवण कुमार दिवा सेवा केन्द्र भवन निर्माण**
**स्थानः पोखरा–१६ कास्की**
**योजना सम्झौता मिति : २०७९/०८/२९ गते**
**योजना सुरु भएको मिति : २०७९/०९/०१ गते**
**योजना सम्पन्न मितिः २०८०/०१/३० गते**
**योजनाको कुल लागत : रु. २५००५४०.२७।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,०००।–**
**उपभोक्ता समिति अध्यक्षः चित्र व. थापा**
**सम्पर्क नं.: ९८४६०३४३७०९**
**उपाध्यक्षः कमला तिमिल्सिना**
**सचिवः लक्ष्मी तिमिल्सना**
**कोषाध्यक्षः जगन्नाथ तिमिल्सना**
**सदस्यः राम ब. जि.सी., सोवित व. थापा, नारायण व.थापा, कमला तिमिल्सना, बलराम गायक**

**श्रवण कुमार दिवा सेवा केन्द्र भवन निर्माण**
**उपभोक्ता समिति पोखरा-१६, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ शुभकामना टोल नवज्योति मार्ग बाटो ढलान (२४० मि) निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नामः नवज्योति मार्ग शुभकामना टोल**
**स्थानः पोखरा–१४ कास्की**
**योजना शुरु हुने मिति : २०७९/०९/१२ गते**
**योजना सम्पन्न मिति : २०७९/१२/३० गते**
**योजनाको कुल लागत : रु. १४,३२,८५१.६९।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।–**
**उपभोक्ता समितिः ४,३२,८५१.६९।–**
**उपभोक्ता समिति अध्यक्षः कमला ढुंगाना**
**मो.: ९८४६०३४३३०**
**उपाध्यक्षः तिल कुमारी गुरुङ**
**सचिवः प्रसाद गुरुङ**
**सदस्यः निलकष्ठ राना**
**सदस्यः कृष्ण कुमारी मानन्धर**

**नवज्योति मार्ग शुभकामना टोल**
**उपभोक्ता समिति पोखरा-१६, कास्की**